# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं, कात्तिक ३ गते २०४६ साल (संख्या २७


## भाग ३

श्री ५ को सरकार

### आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

#### बृहत्तर जनकपुर क्षेत्र विकास समिति (गठन) आदेश, २०४६

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस आदेशको नाम "बृहत्तर जनकपुर क्षेत्र विकास समिति (गठन) आदेश, २०४६" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा–

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको बृहत्तर जनकपुर क्षेत्र विकास समिति सम्झनु पर्छ ।

(ख) "बृहत्तर जनकपुर क्षेत्र" भन्नाले माध्यमिकी (पञ्चकोशी) परिक्रमा क्षेत्र भित्र पर्ने मटिहानी मडही, जलेश्वर, ध्रुवकुण्ड, कञ्चनवन (हरिनगरी) पर्वत्ता, धनुषाधाम, सत्तोषर, औरही समेतको सम्पूर्ण क्षेत्र सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "परियोजना" भन्नाले देहायका उद्देश्यसँग सम्बन्धित श्री ५ को सरकारबाट स्वीकृत वृहत्तर जनकपुर क्षेत्र विकास परियोजना सम्झनु पर्छः–

(१) वृहत्तर जनकपुर क्षेत्रको सामाजिक, आर्थिक, धार्मिक तथा सांस्कृतिक विकासका पूर्वाधारहरूको विकास गर्ने ।

(२) वृहत्तर जनकपुर क्षेत्रभित्र पर्ने पहिचान भई सकेका धार्मिक ऐतिहासिक पुरातात्विक महत्वका स्थानहरू र प्राकृतिक सम्पदाहरूको संरक्षण गर्ने ।

(३) वृहत्तर जनकपुर क्षेत्रभित्रका प्राचीन, ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्वका मठ, मन्दिर, सरोवर वा अन्य स्थलहरूको पहिचान, खोजी तथा अनुसन्धान गर्ने ।

(४) वृहत्तर जनकपुर क्षेत्रको वातावरणीय सन्तुलन कायम राख्ने ।

(घ) "माध्यमिकी (पञ्चकोशी) परिक्रमा" भन्नाले वृहत्तर जनकपुर क्षेत्रभित्र फाल्गुन शुक्ल परेवा तिथीदेखि फाल्गुन पूर्णिमासम्म सनातनदेखि चली आएको परिक्रमा सम्झनु पर्छ ।

(ङ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको सदस्य-सचिव समेतलाई जनाउनेछ ।

(छ) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम श्री ५ को सरकारले समितिको सिफारिशमा नियुक्त गरेको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. वृहत्तर जनकपुर क्षेत्र विकास समितिको गठनः– (१) वृहत्तर जनकपुर क्षेत्र विकास परियोजनालाई कार्यान्वियन गर्न वृहत्तर जनकपुर क्षेत्र विकास समिति नामको एउटा समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायबमोजिमको अध्यक्ष तथा सदस्यहरू रहनेछन्ः–

| | |
|---|---|
| (क) श्री ५ को सरकारले तोकेको व्यक्ति– | अध्यक्ष |
| (ख) सभापति, धनुषा जिल्ला विकास समिति– | सदस्य |
| (ग) सभापति, महोत्तरी जिल्ला विकास समिति– | सदस्य |



५९६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) श्री राम मन्दिर, श्री जानकी मन्दिर तथा मट्टीहानी मठका महन्थहरू– सदस्य

(ङ) प्रमुख, जनकपुर नगरपालिका– सदस्य

(च) प्रमुख, जलेश्वर नगरपालिका– सदस्य

(छ) जनकपुर क्षेत्र अन्तर्गत पर्ने धनुषा र महोत्तरी जिल्लाका गाउँ विकास समितिका अध्यक्षहरू मध्येबाट अध्यक्षले एक/एक वर्षको लागि मनोनीत गरेको प्रत्येक जिल्लाबाट २।२ जना गरी जम्मा चारजना– सदस्य

(ज) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, धनुषा– सदस्य

(झ) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, महोत्तरी– सदस्य

(ञ) प्रमुख, गुठी संस्थान कार्यालय, धनुषा– सदस्य

(ट) प्रमुख, गुठी संस्थान कार्यालय, महोत्तरी– सदस्य

(ठ) प्रमुख, भवन र आवास तथा शहरी विकास शाखा, धनुषा– सदस्य

(ड) प्रमुख, भवन र आवास तथा शहरी विकास शाखा, महोत्तरी– सदस्य

(ढ) धनुषा तथा महोत्तरी जिल्लाका २।२ समाज सेवी, बुद्धिजीवी तथा स्थानीय प्रतिष्ठित व्यक्तिहरू मध्येबाट श्री ५ को सरकारबाट मनोनीत चारजना व्यक्ति– सदस्य

(ण) कार्यकारी निर्देशक– सदस्य-सचिव

(३) अध्यक्ष तथा खण्ड (ढ) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजहरू पुनः मनोनीत हुन सक्नेछन् ।

(४) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

(५) समितिको प्रधान कार्यालय जनकपुरधाममा रहनेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः– समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) वृहत्तर जनकपुर क्षेत्रको विकास सम्बन्धी योजना तथा कार्यक्रमहरू स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने ।



४९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) वृहत्तर जनकपुर क्षेत्रको विकास सम्बन्धी योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्नको लागि विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्था वा निकायबाट नगद, जिन्सी वा अन्य कुनै प्रकारको सहयोग उपलब्ध गर्ने ।

(ग) वृहत्तर जनकपुर क्षेत्रको योजनावद्ध रूपमा विकास गर्दा सुव्यवस्थित रूपले निर्माण मर्मत तथा संभार सम्बन्धी कार्य गर्ने गराउने ।

(घ) वृहत्तर जनकपुर क्षेत्रको कुनै पूरातात्विक महत्वको स्थललाई संरक्षित स्थान घोषित गर्ने व्यवस्था गर्ने ।

(ङ) वृहत्तर जनकपुर क्षेत्रभित्रको कुनै स्थान विशेषको महत्व, मान्यता र सम्वेदनशिलतालाई ध्यानमा राखी त्यस्ता स्थानहरूमा गर्न नहुने कार्यहरू तोकि निषेध र नियन्त्रण गर्ने ।

(च) वृहत्तर जनकपुर क्षेत्रको महत्व दर्शाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सभा, सम्मेलन गोष्ठी वा प्रदर्शनीको आयोजना गर्ने गराउने ।

(छ) वृहत्तर जनकपुर क्षेत्रमा सरकारी, गैर सरकारी तथा निजी क्षेत्रबाट संचालन हुने विकास निर्माण कार्यहरू संचालन गर्ने निकायहरू बीच समन्वय कायम गर्ने ।

(ज) नेपाल अधिराज्यभित्र वा बाहिरका संस्था वा व्यक्तिहरूबाट चन्दा संकलन गर्ने ।

(झ) वृहत्तर जनकपुर क्षेत्र अन्तर्गत खानेपानी, ढल, बिजुली, टेलिफोन, सडक जस्ता सार्वजनिक उपयोगका साधनहरू सुव्यवस्थित गर्ने व्यवस्था मिलाउने, फोहर मैला हुन नदिने गरी स्वच्छता कायम गर्ने र सो क्षेत्रभित्रका श्री ५ को सरकारका सम्बन्धित कार्यालयहरू, स्थानीय निकायहरू र गैर सरकारी संघ संस्थाहरूसंग समन्वय राखी कार्यक्रमहरू संचालन गर्ने ।

(ञ) योजना कार्यान्वयन गर्न कुनै निर्माण कार्य हटाउनु पर्ने, अल्काउनु पर्ने, परिवर्तन गर्नु पर्ने वा नियन्त्रण गर्नु पर्ने भए गर्ने व्यवस्था मिलाउने ।

(ट) वृहत्तर जनकपुर क्षेत्रमा गरिने निर्माण सम्बन्धी आवश्यक मापदण्ड तोक्ने र प्रचलित कानून बमोजिम घर जग्गा प्राप्त गर्ने तथा विभिन्न कार्यका लागि जग्गा छुट्याउने कार्य गर्ने व्यवस्था मिलाउने ।



४९०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ठ) पर्यटनको लागि उपयुक्त हुने स्थानहरूमा पर्यटनको विकासका पूर्वाधार खडा गर्ने व्यवस्था मिलाउने ।

(ड) यस आदेश बमोजिम समितिको उद्देश्य पूर्तिको लागि गर्नु पर्ने अन्य कार्यहरू गर्ने गराउने ।

५. समितिको बैठक र निर्णयः– (१) समितिको बैठक आवश्यकतानुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको बैठक बस्ने सूचना कम्तीमा पन्ध्र दिन अगावै सदस्यहरूलाई दिनु पर्ने ।

(३) समितिको कूल सदस्य संख्याको पचास प्रतिशित सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(६) समितिको निर्णय सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) समितिले आवश्यकता अनुसार कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. कार्यकारी निर्देशकको व्यवस्थाः– (१) श्री ५ को सरकारले श्री ५ को सरकारको वा सरकारी स्वामित्व भएको संस्थाको सेवामा रहेका व्यक्ति मध्येबाट, समितिको कार्यकारी निर्देशक नियुक्त गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकको पदावधि चारवर्षको हुनेछ र श्री ५ को सरकारले चाहेमा निजको पदावधि पुनः बढीमा चारवर्षको लागि थप गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को

829



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरकारले आवश्यक देखेमा कार्यकारी निर्देशकलाई निजको पदावधि पूरा नहुँदै पनि सो पदबाट हटाउन सक्नेछ ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक तथा सेवा, शर्त श्री ५ को सरकारले तोकिदिए बमोजिम हुनेछ ।

७. समितिका कर्मचारीः– (१) समितिले आवश्यकतानुसार समितिको कर्मचारीको नियुक्ति गर्न सक्नेछ :

(२) समितिको कर्मचारीको पारिश्रमिक तथा सेवा, शर्त तोकिए बमोजिम हुनेछ ।

८. समितिको कोषः– (१) समितिको एउटा छुट्टै कोष हुनेछ ।

(२) समितिको कोषमा देहायबमोजिम रकमहरू रहने छनः–

(क) श्री ५ को सरकारबाट बृहत्तर जनकपुर क्षेत्रको विकासको निमित्त प्राप्त रकम ।

(ख) नेपाल अधिराज्यभित्रका संस्था वा व्यक्तिहरूबाट सहयोग स्वरुप प्राप्त रकम ।

(ग) कुनै विदेशी व्यक्ति वा संघ संस्थाबाट श्री ५ को सरकार मार्फत प्राप्त रकम।

(घ) समितिले अधिकतम आयस्था र सुरक्षा हुने गरी लगानी गरी आर्जन गरेको रकम ।

(ङ) समितिले उपलब्ध गराएको सेवा वापत प्राप्त हुन आएको रकम ।

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) समितिले नेपाल अधिराज्यको कुनै बैंकको खातामा रकम जम्मा गरी आफ्नो कोष संचालन गर्न सक्नेछ ।

(४) समितिको सबै खर्च समितिको कोषबाट व्यहोरिनेछ ।

(५) समितिको नाममा रहेको खाता संचालन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

९. लेखा र लेखा परीक्षणः– (१) समितिको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) समितिको लेखा परीक्षण महालेखा परीक्षकको विभाग वा सो विभागबाट तोकेको लेखा परीक्षकबाट हुनेछ ।

629



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) श्री ५ को सरकारले समितिको हिसाब किताब र नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१०. बैठक भत्ता तथा अन्य सुविधाः– अध्यक्ष, सदस्य र कार्यकारी निर्देशकले समितिले तोके बमोजिम बैठक भत्ता, पारिश्रमिक तथा अन्य सुविधाहरू पाउने छन् ।

११. अधिकार प्रत्यायोजनः– समितिले आफूलाई प्राप्त अधिकार आवश्यकतानुसार अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक वा समितिको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१२. श्री ५ को सरकारसँग सम्पर्कः– आवास तथा भौतिक योजना मन्त्रालय समितिको सम्पर्क मन्त्रालय हुनेछ ।

१३. नियम बनाउने अधिकारः– यस आदेशको उद्देश्य पूर्तिका लागि समितिले आवश्यक नियमहरू बनाइ श्री ५ को सरकारको स्वीकृति लिई लागु गर्न सक्नेछ ।

आज्ञाले,
तेजप्रसाद उपाध्याय
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले आर्थिक ऐन, २०४५ को दफा १५.२ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी शहरी क्षेत्रको वर्गीकरण गरी नसकिएको धनुषा जिल्लाको साबिक कपिलेश्वर गा. वि. स. को पूरै क्षेत्र जनकपुर नगरपालिकाको वार्ड नं. १६ कायम हुन आई गाभिन आएको पूरै क्षेत्रको जग्गालाई भूमिकरको प्रयोजनको लागि (च) वर्ग तोकी सोही ऐनको दफा १६.३ ले दिएको अधिकार प्रयोग गरी रजिष्ट्रेशन दस्तूरको प्रयोजनको लागि समेत शहरी क्षेत्र तोकिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
सूर्यनाथ सुवेदी
श्री ५ को सरकारको सचिव

४२२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## स्वास्थ्य मन्त्रालयको

## सूचना १

नेपाल स्वास्थ्य सेवा (समूह तथा श्रेणी बिभाजन नियुक्ति र बढुवा) नियम, २०३३ को नियम ३ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही नियमावलीको अनुसूची १ को क्रमसंख्या २७ पछि देहायबमोजिमको क्रमसंख्या २८ थप गरेको छ ।

"२८. न्यूरो सर्जरी"

## सूचना २

नेपाल स्वास्थ्य सेवा (समूह तथा श्रेणी विभाजन नियुक्ति र बढुवा) नियम, २०३३ को नियम ५ को उपनियम (६) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही नियमावलीको अनुसूची ३ को क्रमसंख्या २७ पछि देहायबमोजिम क्रमसंख्या २८ थप गरेको छ ।

| क्र. सं. | समूह | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| २८ | न्यूरो सर्जरी | जनरल सर्जरीको पोष्ट ग्राजुयट डिग्री डिप्लोमा जस्तै (एफ. आर. सि. एस. एम. एस.) गरेपछि न्यूरो सर्जरीको पोष्ट ग्राजुयट तालिमको लागि मान्यता प्राप्त संस्थामा अटुट रूपले कम्तीमा ३ वर्षको न्यूरो सर्जरीमा पूर्णकालीन, सेवाकालीन तालिम गरेको,<br>अथवा<br>एम. वि. वि. एस. वा एम. डि. आधारभूत शैक्षिक योग्यता पछि न्यूरो सर्जरीको पोष्ट ग्राजुयट ट्रेनिङको लागि मान्यता प्राप्त संस्थामा कम्तीमा ५ वर्षको तालिम लिई न्यूरो सर्जरी विषयमा एम. सि. एच. वा एम. एस. सी. वा एफ. आर. सि. एस. वा एम. डि. गरेको, |



628

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अथवा

एम. वि. वि. एस. वा एम. डि. पछि न्यूरो सर्जरीको पोष्ट ग्राजुयट तालिमको लागि मान्यता प्राप्त संस्थामा न्यूरो सर्जरीको रेसिडेन्सी पूरा गरी न्यूरो सर्जरीको वोर्ड परीक्षा उत्तिर्ण गरेको ।

आज्ञाले,
मुकुन्दशम्शेर थापा
श्री ५ को सरकारको सचिव

## श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी स्वयम्भू वारूदखाना कार्यालयले चालू आ.व. २०४९।५० मा आफ्नो उत्पादन कार्यमा प्रयोग गर्नको लागि वीरगञ्ज चिनी कारखाना लि. वीरगञ्ज र लुम्बिनी चिनी कारखाना लि. बाट क्रमशः ३०।३० (तीस/तीस) हजार लिटर डिनेचर स्प्रिट खरिद गर्दा लाग्ने बिक्रीकर पूर्णरूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
चण्डीप्रसाद श्रेष्ठ
उपसचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।